

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क ३३३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० पुस १२ गते बिहीबार ❑ 28 Dec. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## मुलुकका पर्यटकीय स्थलको विश्वबजारमा प्रवर्द्धन गर्नुपर्नेमा राष्ट्रपतिको जोड

**पोखरापत्र संवाददाता**
बागलुङ, ११ पुस



राष्ट्रपति रामचन्द्र पौडेलले पूर्वाधार निर्माणमा निजी क्षेत्रको भूमिका महत्वपूर्ण हुने भएकाले त्यसमा लगानी गर्न उद्यमी-व्यवसायीहरूलाई आग्रह गर्नुभएको छ। उहाँले भन्नुभयो, "विश्व पर्यटन बजारमा नेपालका पर्यटकीय स्थलको प्रवर्द्धन गरी यस क्षेत्रलाई आयआर्जन र समृद्धिको आधारका रूपमा स्थापित गर्न सकिन्छ।"

बागलुङ उद्योग वाणिज्य सङ्घले बुधबार यहाँ आयोजना गरेको सातौँ बागलुङ महोत्सवको उद्घाटन समारोहमा राष्ट्रपति पौडेलले पर्याप्त भौतिक पूर्वाधार निर्माण गरी पर्यटक भित्र्याएर आयआर्जन गर्न सकिने प्रशस्त सम्भावना रहेको बताउनुभयो । राष्ट्रपति पौडेलले मध्यपहाडी लोकमार्गको काम द्रुत गतिमा अघि बढाउन आह्वान गर्दै झोलुङ्गे पुल र बुट्नेलीको जिल्लाका रूपमा रहेको बागलुङका पहिचानलाई व्यापक प्रचारप्रसार गरेर आम्दानी बढाउनुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "राजनीतिको उर्भरभूमिका रूपमा रहेको बागलुङ आउँदा आफूलाई आफ्नै घर आएजस्तो भयो, २०४६ सालमा आन्दोलनका क्रममा चार महिना यहाँ जेलजीवन बिताएको ताजा भयो ।" उहाँले जेलमा बसेका बागलुङका राजनीतिक व्यक्तिहरूलाई स्मरण गर्नुभएको थियो । राजनीतिक चेतनाको उर्वरभूमि मात्र होइन धौलागिरि हिमशृङ्खलासहितका प्राकृतिक छटाले सुसज्जित बागलुङ वरपरका क्षेत्रको आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यटकीय विकासका लागि महोत्सव आयोजना गरिएकामा राष्ट्रपतिले त्यसको सराहना गर्नुभयो । सबैभन्दा धेरै विप्रेषण भित्र्याउने जिल्लाका रूपमा बागलुङले परिचय बनाएको तथा निजी क्षेत्रको छाता सङ्गठन नेपाल उद्योग वाणिज्य महासङ्घको नेतृत्व जन्माएको यो जिल्लाप्रति गर्व लागेको बताउनुभयो । बागलुङको भौगोलिक विविधता र विकटतालाई पृथक र नवीन पर्यटकीय थलोका रूपमा विकास गरी नयाँ पुस्तालाई यस क्षेत्रको भ्रमणको लागि प्रेरित गर्नु आजको आवश्यकता भएको राष्ट्रपति पौडेलले बताउनुभयो । उहाँले ढोरपाटन पर्यटन र शिकारका लागि प्रख्यात क्षेत्र भए पनि धेरै पर्यटक आकर्षित गर्न नसकेको भन्दै यसको प्रचारप्रसारमा विशेष ध्यान दिन सुझाउनुभयो । बागलुङका कृषि उपज र जडीबुटीलाई प्रदेश सरकारले प्रवर्द्धन गर्नुपर्नेमा जोड दिँदै यिनको विकासमा उद्योगी- व्यवसायीलाई उत्प्रेरित गर्नुपर्ने राष्ट्रपतिले बताउनुभयो । महोत्सवका माध्यमबाट जडीबुटीको प्रवर्द्धनमा योगदान पुगेको विश्वास उहाँले व्यक्त गर्नुभयो । महोत्सवमा पूर्व उपप्रधानमन्त्री तथा राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले बागलुङको विकासका लागि सबै सांसद एकजुट हुन आवश्यक छ भन्नुभयो । उहाँले कालीगण्डकी करिडोर र मध्यपहाडी लोकमार्गको काममा भइरहेको ढिलाइप्रति जनता आक्रोशित भएका बताउँदै सरकारले आवश्यक कारबाही गर्नुपर्नेमा जोड दिनुभयो । पूर्वशिक्षामन्त्री देवेन्द्र पौडेल, सांसद देवीप्रकाश भट्टचन र नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले बागलुङ महोत्सवका माध्यमबाट स्थानीय उत्पादनको विकासमा सहयोग पुग्ने बताउनुभयो । महोत्सव २१ गतेसम्म चल्ने उद्योग वाणिज्य सङ्घका अध्यक्ष नरेश कँडेलले बताउनुभयो ।

## बूढीगण्डकी आयोजना निर्माण गर्न रकम अभाव हुँदैन : प्रधानमन्त्री

**पोखरापत्र संवाददाता**
गोरखा, ११ पुस




प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले बूढीगण्डकी जलाशययुक्त आयोजना निर्माणका लागि आर्थिक अभाव नहुने बताउनुभएको छ।

गोरखाका बारपाकसुलिकोटगाउँपालिकाले बुधबारगाउँपालिका कार्यालयमा आयोजना गरेको 'जनप्रतिनिधि र सरोकारवालासँग प्रधानमन्त्री' विषयक कार्यक्रममा उहाँले राष्ट्रिय गौरवको आयोजनाको रूपमा रहेको बूढीगण्डकी आयोजनाका लागि आर्थिक स्रोतको सुनिश्चिता गरिसकेको उल्लेख गर्नुभयो । "बूढीगण्डकी आयोजना के होला ? कसो होला ? भन्ने भइरहेको थियो", प्रधानमन्त्री दाहालले भन्नुभयो, "केही समयअघि मन्त्रिपरिषद् बाट भौतिक पूर्वाधारका निम्ति उठाउने रकमको पाँच प्रतिशत बूढीगण्डकी आयोजना निर्माणका लागि छुट्याउने निर्णय गरेकाले अब आर्थिक अभाव नहुने वातावरण सिर्जना गरिएको छ ।" एक हजार दुई सय मेगावाट क्षमताको उक्त आयोजना निर्माण छिट्टै अघि बढ्ने उहाँले बताउनुभयो । "यो आयोजनाबाट भविष्यसम्म पनि गोरखा र गोर्खाली जनताको आर्थिक विकास र सम्बृद्धिका निम्ति तथा रोजगारीको अवसर पनि हुन्छ," प्रधानमन्त्री दाहालले भन्नुभयो ।

गोरखा क्षेत्र नं २ का प्रतिनिधिसभा सांसदसमेत रहनुभएका प्रधानमन्त्री दाहालले निर्वाचनका बेला आफूले जनता समक्ष गरेको प्रतिबद्धता नबिर्सिएको तर केही कारणले ढिलाइ भएको उल्लेख गर्नुभयो । उहाँले गोरखाको देउरालीमा बन्द रहेको गोरखकाली रबर उद्योग निर्माण गर्नका लागि छलफल अगाडि बढाइसकेको बताउनुभयो ।

प्रधानमन्त्री दाहालले आँपपिपल अस्पताललाई ५० शय्याका रूपमा विकास गरे जिल्लाको स्वास्थ्य क्षेत्रमा आमूलपरिवर्तन ल्याउन सकिने र त्यसका लागि आधार तयार पार्न स्वास्थ्य मन्त्रालयसँग आवश्यक छलफल तथा समन्वय गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

## भद्रकाली माविको प्रधानाध्यापकमा पगेनी

**पोखरापत्र संवाददाता**
पोखरा, ११ पुस



असल शिक्षक भए परिवार, समाजमा राम्रो वातवरण सृजना हुन्छ । तर त्यही शिक्षक असल नभए सायौं विद्यार्थीको भविष्यमा कालो बादलले ढाक्दछ । संसारमा अँध्यारो र उज्यालो हुन्छ । शिक्षकले आँफु जलेर पनि विद्यार्थीलाई उज्यालो देखाउँछ ।

त्यही ज्ञानले राष्ट्र र संसार उज्यालो हुदैं जान्छ । उज्यालो बनाउने क्रममा शिक्षकको सबै भन्दा ठूलो भुमिका रहन्छ । शिक्षाको महत्व बुझे मात्र त्यसको आवश्यकता महशुस हुदैंछ । कुनै समाजमा सम्मानित व्यक्ति भएर जिउनको लागि शिक्षाले सवै भन्दा ठूलो भुमिका खेलको हुन्छ । हरेक टोल टोलमा जाँदा तपाईलाई सम्मानको गुच्छाले स्वागत हुन्छ जसको पछाडि तपाईंको शिक्षा सहितको नेतृत्व हो । कुनै पनि शिक्षा क्षेत्रमा सेवा गर्ने अवसर पाउनु हुन्छ भने त्यो शिक्षाकै कारण हो । आँफुसँग शिक्षा भएकै

बाँकी अन्तिम पृष्ठमा ▶▶

## ठगी अभियोगमा कुशमाका प्रमुख प्रशासकीय अधिकृत पक्राउ

**पोखरापत्र संवाददाता**
पोखरा, ११ पुस

ठगीको आरोपमा कुश्मा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत उदयबहादुर पराजुली कार्यालयबाटै पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालयको टोलीले आज दिउँसो पराजुलीलाई कार्यालयबाटै पक्राउ गरेको हो । प्रमुख प्रशासकीय अधिकृत पराजुली कास्कीको सहकारी रजिस्ट्रारको कार्यालय पोखरामा सेवारत हुँदा सहकारीको रकम ठगी प्रकरणमा मुछिएका थिए। सहकारी रजिस्ट्रार रहेका बेला निजले मित्रमिलन बचत तथा ऋण सहकारीको कार्यक्षेत्र विस्तार गर्ने क्रममा घूस लिएको आरोप थियो । कास्की प्रहरीको अनुरोधमा पर्वत प्रहरीले निजलाई पक्राउ गरेर कास्की पठाएको जिल्ला प्रहरी कार्यालय पर्वतका प्रहरी नायब उपरीक्षक खुमलाल भुसालले राससलाई जानकारी दिनुभयो । तत्कालीन रजिस्ट्रार पराजुलीलाई एक करोड पाँच लाख घूस लिएको आरोप लागेको छ ।

## जरोटुप्पोमा भूपीका कवितामा विश्वदृष्टिको परिचर्चा

**पोखरापत्र संवाददाता**
पोखरा, ११ पुस



पोखरामा ८९ औं भूपी जयन्ती विविध कार्यक्रमका साथ मनाइएको छ ।

जरोटुप्पो संरक्षण साहित्य समाज नेपालको आयोजना तथा पोखरा प्रज्ञा-प्रतिष्ठानको सहकार्यमा भूपी विमर्श र काव्य उत्सवसहित जन्मजयन्ती मनाइएको हो । 'भूपीका कवितामा विश्वदृष्टि' अवधारणापत्र प्रस्तुत गर्दै अध्येता गौरी तमूले साहित्यका विविध विधामा विश्वदृष्टिको परिचर्चा भए तापनि कवितामा न्यून रहेका बेला भूपीका कविताको विश्वदृष्टिको चर्चा वर्तमानको आवश्यकता रहेको बताइन् ।

अवधारणामाथि टिप्पणी गर्दै सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठानका अध्यक्ष उप-प्राध्यापक विष्णुप्रसाद शर्माले भूपी शेरचनका कविताको आयाम बृहत् हुँदाहुँदै सबै आयामबाट परिचर्चा हुन नसकेको बेला अध्ययनको दायरा बढाइनु सान्दर्भिक रहेको धारणा राखे । लोकगायिका हरिदेवी कोइरालाले अक्षरका पुजारीले गरेको योगदानको कदर नै स्वस्फुर्त हुने स्मरण भएको बताउँदै भूपी शेरचनले कल्पेको समाज निर्माण आज पनि हुन नसक्नु दुखको कुरा रहेको बताइन् । भूपी शेरचनका आफ्नै सालाबाबु डा सोमतसिंह तुलाचनले भूपीले आफ्नो उर्जाशील जीवन साहित्य सिर्जनामा लगाएकाले उनको व्यक्तित्व आज जीवन्त रहन पुगेको बताए । पोखरा प्रज्ञा-प्रतिष्ठानका कुलपति पद्मराज ढकालले अग्रज स्रष्टा साधकले समयको कालक्रममा पुर्‍याएको योगदानको परिचर्चामा प्रतिष्ठान क्रियाशील रहँदै आएको जानकारी दिए । उनले राज्यबाट निर्मित सीमित बजेट र मापदण्डका कारण चाहेर पनि प्रज्ञा-प्रतिष्ठानले आवश्यकतानुकूल कार्यक्रम गर्न नपाएकोमा चिन्तासमेत व्यक्त गरे । कार्यक्रम संयोजक कृष्णप्रसाद पौडेलले जरोटुप्पो संरक्षण साहित्य समाज नेपाल स्थापनकालदेखि भानुजयन्ती, मोतीजयन्ती, लक्ष्मीजयन्ती, समजयन्ती, पृथ्वीजयन्ती, विनोद गौचनजयन्ती, भूपीजयन्ती, पारिजातजयन्तीलाई नेपाली वाङ्मयका जरा मानेर नियमित कार्यक्रमलाई अगाडि बढाउने क्रममा यसपटक भूपी विमर्शसहितको काव्यउत्सव आयोजना गरिएको बताए ।

जनकविकेशरी धर्मराज-सावित्री थापा प्रतिष्ठानका संरक्षक प्राध्यापक कुञ्जराज थापाले भूपी शेरचनको आफ्नो परिवारसँगका स्मृति र ३० को दशकबाटै शेरचनले आफूलाई कर्मनिष्ठ स्रष्टाका रूपमा चिनाएको स्मरण गरे ।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज नेपालका सदस्य दुर्गा शाह बाबाले साहित्य लेखन यात्रा र भूपीका विविध आयामबारे धारणा राख्दै भूपी अथक र पृथक पहिचानका साधक रहेको बताए । थकाली सेवा समितिका अध्यक्ष ई. रुजिन्द्र तुलाचनले भूपीको योगदानको स्मरणमा प्रत्येक दुई वर्षमा संस्थाले साहित्यिक प्रतिभाको प्रोत्साहनका लागि पुरस्कार अर्पण गर्दै आएको बताए । वडा नं. ३ की सचिव चन्द्रावती वाग्लेले नेपाली कविता विधाका कालजयी स्रष्टाकारूपमा भूपीलाई चिनाइन् । नुमराज बराल, छविलाल आचार्य, आवाज शर्मा, रमा पराशर, देवेन्द्र केसी, नरेन्द्र रानाभाट, पदम नेपाल, सुवास गुरुङलगायतले कविताबाचन गरेको कार्यक्रममा प्राडा यमबहादुर पौडेल र असफल गौतमले पनि बोलेका थिए ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# सडक महोत्सवको पूर्वाद्धमा लेकसाइडमा सरसफाई

**पोखरापत्र संवाददाता**
पोखरा, ११ पुस

२५औँ संस्करणको सडक महोत्सवको पूर्व सन्ध्यामा महोत्सव स्थल वरपरको ३ किलोमिटर क्षेत्रमा सरसफाई गरिएको छ।

होटल प्रतिनिधि समाज पोखराको आयोजनामा भएको कार्यक्रममा रेवानले सहकार्य गरेको थियो। राष्ट्रबैंक चोकस्थित पर्यटन बसपार्कदेखि वडा प्रहरी कार्यालय बैदाम, मुलाखेत, अम्मट, गौरीघाट, बाराहीघाट हुँदै खहरेसम्म सरसफाई गरिएको छ। होटल प्रतिनिधि समाजका महासचिव माधव लम्सालले जानकारी दिए। कार्यक्रममा वडाका जनप्रतिनिधि र होटल संघका अध्यक्षसहितका



प्रतिनिधिले साथ दिएका थिए। कार्यक्रमको समापनका अवसरमा रेवानका अध्यक्ष नरेश भट्टराई, होटल संघका अध्यक्ष लक्ष्मण सुवेदी लगायतले सरसफाई कार्यक्रममा सहभागिहरुलाई धन्यबाद ज्ञापन गरेका थिए। रेवान अध्यक्ष भट्टराईले महोत्सवमा स्वास्थ्य, सुरक्षा लगायतमा पनि आयोजकले विशेष ख्याल राखेको बताए।

२५औँ संस्करणको सडक महोत्सव बिहीबारदेखि सुरु हुँदैछ। 'सडक मै खाउँ, सडक मै रमाऔं' भन्ने उद्देश्यका साथ आयोजित महोत्सव १६ गतेसम्म सञ्चालन हुनेछ। महोत्सवमा ५ लाख पर्यटक तथा दर्शक सहभागी हुने अपेक्षा गरिएको छ। महोत्सवको बिहीबार पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले कोमागाने पार्कमा आयोजना हुने विशेष समारोहका विच उद्घाटन गर्ने रेवान पोखराका महासचिव विकास भट्टराईले जानकारी दिए। उनका अनुसार त्यसअघि बिहान ११ बजे हल्लनेचोबाट बाजागाजा सहित संस्कृतीक झाँकि निस्कने छ।

# ल्होसारका अवसरमा पर्यटन विषयक अन्तरक्रिया

**पोखरापत्र संवाददाता**
पोखरा, ११ पुस




तमुहरूको महान पर्व मुप्री ल्होसार/ल्होछार का अवसरमा गुरुङ पर्यटन व्यवसायी संघ गण्डकी प्रदेशले मंगलबार पोखरामा ' पर्यटन उद्यमशीलता, राजनीतिमा गुरुङहरूको सहभागिता एवम् गुरुङ संस्कार र संस्कृति' विषयक अन्तरक्रिया सम्पन्न गरेको छ।

अन्तरक्रियामा वक्ताहरूले पर्यटन क्षेत्रको विकासमा गुरुङ समुदायको विशिष्ट योगदान भएको बताउँदै पर्यटन आर्थिक समृद्धिको महत्वपूर्ण आधार भएकोमा जोड दिए। कार्यक्रमको उद्घाटन गर्दै गण्डकी प्रदेशका पूर्व मुख्यमन्त्री पृथ्वीसुव्वा गुरुङले गण्डकी प्रदेशको समृद्धिको प्रमुख आधार पर्यटन भएको बताउनुभयो। समृद्धिका अन्य विभिन्न आधार रहे पनि यस प्रदेशको प्रमुख आधार पर्यटन नै भएको उहााको भनाइ छ।

गण्डकी प्रदेशमा प्रचुर पर्यटकीय सम्भावना रहेको उल्लेख गर्दै नेपाल सरकारको पूर्व पर्यटन मन्त्री समेत रहनुभएका गुरुङले यसका माध्यमबाट रोजगारी अभिबृद्धि गर्न सकिने बताउनुभयो। पोखरा अन्तराष्ट्रिय विमानस्थलबाट अन्तराष्ट्रिय उडान गर्न सरकारको उदाशिनता देखिएको बताउँदै उहाँले चाँडो उडान सञ्चालन गर्ने गरी लाग्नुपर्नेमा जोड दिनुभयो।

गुरुङ समुदायका युवाहरू व्यवसासयिक रुपमा अघि बढ्नुपर्नेमा जोड दिदै उहाँले सफलताका लागि निरन्तरता, धैर्यता आवश्यक हुने बताउनुभयो। गुरुङ पर्यटन व्यवसायी संघ गण्डकी प्रदेशका सल्लाहकार बोबरजंग गुरुङले पर्यटन क्षेत्रको विकास सरकारको प्राथमिकतामा पर्नुपर्ने बताउँदै गण्डकीमा पर्यटनका माध्यमबाट आयआर्जन एवम् रोजगारी बृद्धिका धेरै सम्भावना रहेको बताउनुभयो। संघले गुरुङ समुदायका ऐतिहासिक गाउँहरू समेट्दै कास्कीको ताङतिङदेखि याङ्जाकोट, सिक्लेस हुँदै दुधपोखरीबाट मनाङको तिमाङ सम्मको पदमार्ग विकास गर्ने अवधारणा अघि सारेको उहाँले बताउनुभयो। गुरुङ सम्पदा पदमार्गका रुपमा यसको विकास गर्न सकेमा यसले पदयात्रा पर्यटनसँगै समग्र पर्यटनको विकासमा महत्वपूर्ण टेवा पुऱ्याउने उहाँले बताउनुभयो।

पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले पर्यटन क्षेत्रको विकासमा गुरुङ पर्यटन व्यवसायीहरूको विशिष्ट योगदान हुँदै आएको बताउनुभयो। कोरोना प्रभावित पर्यटनलाई सहयोग पुऱ्याउन पृथ्वीसुव्वा गुरुङ नेतृत्वको तत्कालीन गण्डकी प्रदेश सरकारको समयमा ल्याइएको व्यवसाय जीवन रक्षा कोषको अबधारणा सह्रानीय भएको बताउँदै उहाँले सरकारको व्यवसायमैत्री नीति आवश्यक भएकोमा जोड दिनुभयो।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रमुख नविन पोखरेलले गुरुङ सम्पदा पदमार्गको प्रवर्द्धनमा बोर्डले सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो। क्होलासौंथर गाउँपालिका लम्जुङका अध्यक्ष सूर्य गुरुङले गुरुङसम्पदा पदमार्गको विकासका लागि पालिकाका तर्फबाट सक्दो बजेट विनियोजन गर्ने विश्वास व्यक्त गर्नुभयो। गुरुङ पर्यटन व्यवसायी संघ गण्डकी प्रदेशका अध्यक्ष किसमकुमारी गुरुङको अध्यक्षतामा एवम् महासचिव तुल गुरुङले सञ्चालन गर्नुभएको कार्यक्रममा वक्ताहरूले् प्रकृति र संस्कृतिको उपयोगसँगै पर्यटनलाई उत्पादनसँग जोड्न सकिने धारणा राख्नुभयो।

# भद्रकाली माविमा खेलकुद कार्यक्रम शुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ११ पुस

पोखरा महानगरपालिका वडा नं १३ स्थित भद्रकाली माविमा बुधवारदेखी वार्षिक खेलकुद २०८० कार्यक्रम शुरु भएको छ।

वार्षिक खेलकुदमा फुटबल, भलिबल, बास्केटबल, म्याराथन, टेबल टेनीस, टक अफ वार, ब्याडमिन्टन, चम्चा दौड, हिसाव दौड, बेलुन फुटाइ र म्युजिकल चियर कार्यक्रममा समावेश गरिएको छ। भद्रकाली माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लोकवहादुर कार्कीले रेफ्री जिन श्रेष्ठलाई बल हस्तान्तरण गरेर कार्यक्रम शुरु गरियो। एउटै टिम, एउटै सपना, गुणस्तरीय शिक्षा हाम्रो प्रतिबद्धता भन्ने मुल नाराको साथ



विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कार्की, विद्यालयका प्रधानाध्यापक यदुराज पगेनी र निवर्तमान प्रधानाध्यापक राजेन्द्र भण्डारीले संयुक्त रुपमा वार्षिक खेलकुद लेखेको व्यानर सहित सजिएको बेलुनलाई उडाइको थियो। अध्यक्ष कार्कीले शिक्षा सँगै खेलकुद जीवनमा अनिवार्य रहेको भन्नु भयो। विद्यालयका सहायक प्रधानाध्यापक लोकचन्द्र खनालले कार्यक्रम संचालन गुर्न भएको थियो। वार्षिक खेलकुद कार्यक्रमको पहिलो दिन बास्केटबल र भलिवल लगायतका खेल भएका सह क्रियाकलाप इन्चार्ज मीनवहादुर सावदले वताए।

## भद्रकाली ...

कारण वि.स. २०४६ सालमा श्री मेश्रम वराह माध्यमिक विद्यालय घान्दुकबाट माध्यमिक शिक्षकका रूपमा शिक्षण पेशा शुरु गुर्न भएको हो यदुराज पगेनीले। उनै पगेनी २००८ सालमा स्थापना भएको भद्रकाली माविको एक हजार आठसय ७४ जना विद्यार्थीहरुको अभिभावक बन्न सफल हुनु भएको छ।

त्यसैगरी हाल २००९ सालमा स्थापना भएको अरण्यज्योति पुस्तकालयको अध्यक्ष हुनुहुन्छ। उनै ज्ञानका खानी पगेनीलाई भद्रकाली माध्यमिक विद्यालयको बुधवार बसेको व्यवस्थापन समितिको वैठकले प्रधानाध्यापक जस्तो गरिमामय पदममा नियुक्त गरेको छ। भद्र, सालिन २५ वर्षीय जवानीमा पगेनी वि.स. २०४८ साल पुष १४ गतेदेखि निरन्तर भद्रकाली माविमा कार्यरत हुनुहुनछ। उनै पगेनीले वि.स. २०५० देखि २०६६ सम्म सहायक प्रधानाध्यापक रुपमा काम गर्ने अवसर पाउनु भयो। ३२ वर्ष सेवाको उच्च मूल्याङ्कनले आज पगेनीलाई थप उर्जा थपेको छ। नियुत्तीसँगै हिजो २५ वर्षीय जवानीमा जुन जोस जाँगर थियो आज पनि त्यही जाँगर मसँग रहेको भन्दै विद्यालय परिवार र समाजसँग हातेमालो गरेर अगाडि बढ्ने प्रतिवद्धता पोखरापत्रलाई वताउनु भयो।

प्रधानाध्यापक पगेनीको जन्म महिना पुष, भद्रकलीमा प्रवेश गरेको महिना पुष, प्रधानाध्यापक बन्नु भएको पुष ११ गतेको दिनै बार्षिक खेलकुदको उद्घाटन गर्ने अवसर मिल्यो।

# नेपाल फिजिकल ट्रेनिङ एशोसियसनको अध्यक्षमा गोपाल राई

**पोखरापत्र संवाददाता**
पोखरा, ११ पुस

नेपाल फिजिकल ट्रेनिङ एशोसियसनको केन्द्रीय अध्यक्षमा गोपाल राई निर्वाचित भएका छन्।

पोखरामा सम्पन्न नेपाल फिजिकल ट्रेनिङ एशोसियसन केन्द्रीय समितिको पाँचौ महाधिवेशनबाट गोपाल राई अध्यक्ष पदमा सर्वसम्मत रुपमा चयन भएका हुन। १३ सदस्यीय कार्यसमिति रहेको एशोसियसनको उपाध्यक्षमा टेक बहादुर गुरुङ, सु.मे. शेरबहादुर गुरुङ र अनिल राई निर्वाचित भएकाछन। त्यसैगरी महा सचिवमा हिमालय बिक्रम लिम्बु, कोषाध्यक्षमा केहरसिंह



गुरुङ र सचिवमा बिमानसिं तामाङ निर्वाचित भएका छन। एशोसियसनको सदस्यहरुमा रिजन तामाङ, दयाराम राई, युवराज गुरुङ, गज बहादुर गुरुङ, निर्भिक सुनुवार र हरि थापा निर्वाचि भएका छन। नव निर्वाचित कार्यसमितिलाई निर्वाचन मञ्डलका अध्यक्ष एमबि आस्था मगरले पद तथा गोपनीयताको सपथ ग्रहण गराएका थिए। सो अवसरमा वोल्दै आस्था मगरले नेपाल फिजिकल ट्रेनिङ एशोसियसनको पाँचौ महाधिवेशनबाट निर्वाचित कार्यसमितिले संस्थाको हितमा काम गर्नुपर्नेमा जोड दिए। नव निर्वाचित अध्यक्ष गोपाल राईले नेपाल फिजिकल ट्रेनिङ एशोसियसनको अधिवेशनबाट आफुलाई सर्वसम्मत रुपमा अध्यक्ष बनाएकोमा एशोसियसनमा आवद्ध सम्पूर्णलाई धन्यवाद ब्यक्त गर्दै आफ्नो कार्यकालमा संस्थाले सामाजिक कामलाई निरन्तरता दिदै संस्थाको हितमा काम गर्ने प्रतिवद्धता समेत ब्यक्त गरे। नवनिर्वाचि कार्यसमितिलाई निवर्तमान एशोसियसनका निवर्तमान अध्यक्ष मिन बहादुर गुरुङ, संस्थाको संरक्षकहरु पर्वत राई, क्या. राम प्रसाद गुरुङ, याम बहादुर गुरुङ लगायतले शुभकामना ब्यक्त गरेका थिए।

## यात्रालाई सुरक्षित बनाऔं।

- ◆सवारी चढ्दा र ओर्लदा अरुलाई नधकेलौ, लाइनमा बसेर चढ्ने र ओर्लने गरौं।
- ◆सवारीसाधनबाट शरीरका अंग बाहिर ननिकालौं।
- ◆चालकलाई तीव्र गतिमा सवारी चलाउन नउक्साऔं,
- ◆सवारीसाधनमा सभ्य व्यवहार देखाऔं,
- ◆सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
- ◆ चालकलाई सवारी सञ्चालनमा कुनै प्रकारको अवरोध नगरौं,
- ◆मादक पदार्थ सेवन गरेका चालकलाई सवारीसाधन चलाउन नदिऔं।

सुरक्षित होऔं, सुरक्षित यात्रा गरौं सकुशल गन्तव्यमा पुगौं।


नेपाल सरकार
विज्ञापन बोर्ड

## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरुमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

कल्पनाले विश्वमाथि शासन गर्दछ । - नेपोलियन

## सम्पादकीय

# भ्रष्टाचार प्रचारमा मात्रै

प्रधानमन्त्री पुष्प कमल दाहालले सरकारले भ्रष्टाचारमा ठूलो सफलता पाएको भनी प्रचार गरिएको सबै मुद्दा सेलाएको छ । ललिता निवास , सुन तस्करी ,नक्कली भुटानी शरणार्थी प्रकरणमा सत्ता गठबन्धनका नेतालाई चोख्याउन खोजिएको छ । ठुला माछा समातिएको दावी गरिएको नक्कली भुटानी शरणार्थी मुद्दामा पूर्व गृहमन्त्री बालकृष्ण खाँड रिहा भएका छन । काठमाडौं जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठाएका कांग्रेस नेता बालकृष्ण खाँण उच्च अदालतको आदेशमा रिहा भएका छन् । उच्च अदालत पाटनका न्यायाधीश कृष्णराम कोइरालाले खाँणलाई ३० लाख रुपैंया धरौटी लिएर थुनामुक्त गर्न आदेश दिएका थिए ।

१५ मंसिरमा उच्च अदालतका न्यायाधीश जनक पाण्डे र प्रकाश खरेलको इजलासले खाँणलाई पुर्पक्षका लागि थुनामा पठाउने वा धरौटीमा रिहा गर्ने भन्ने विषयमा निर्णय दिन सकेको थिएन । खरेलले खाँणलाई पुर्पक्षका लागि थुनामा पठाउने राय दिएका थिए भने न्यायाधीश पाण्डेले खाँणलाई ३० लाख रुपैयाँ धरौटीमा रिहा राय दिएका थिए । न्यायाधीशबीच राय बाझिएपछि उक्त मुद्दा उच्च अदालतकै तेस्रो न्यायाधीशको इजलासमा पठाइएको थियो । सोही मुद्दामा न्यायाधीश कोइरालाले पाण्डेको रायलाई समर्थन गरेपछि खाँण रिहा भए ।

न्यायाधीश कोइरालाले विभिन्न ६ वटा आधार देखाउँदै नक्कली भुटानी शरणार्थी प्रकरणमा खाँणको संलग्नताको अवस्था देखिएको भन्न नमिल्ने भन्दै धरौटीमा रिहा गर्ने आदेश दिए । पहिलो आधार, बालकृष्ण खाँणले पक्राउ परेपछि सरकारी वकिलको रोहबरमा प्रहरी र अदालतमा बयान गर्दा आफूमाथिको आरोप पूर्ण रुपमा इन्कार गरेका छन् । खाँणमाथि गृह मन्त्रालयमा पेश भएको भुटानी शरणार्थी सम्बन्धी प्रतिवेदन फेरबदल गरेको आरोप थियो । गृह मन्त्रालयका कर्मचारीहरुले बयानमा प्रतिवेदन कसरी फेरबदल भयो भन्ने थाहा नभएको बताएका थिए। गृह मन्त्रालयका तत्कालिन सचिव टेकनारायण पाण्डेले प्रतिवेदनमाथि मन्त्रीबाट चासो नदिएको भन्ने बयानलाई न्यायाधीश कोइरालाले धरौटीमा छाड्ने दोस्रो आधार बनाएका छन् । जिल्ला अदालत काठमाडौंले नक्कली शरणार्थी प्रकरणमा मुछिएकाहरू केशव दुलाल र टेकनारायण पाण्डेबीचको ह्वाट्सएप संवादलाई पनि बालकृष्ण खाँणको संलग्नता देखिने आधार मानेको भन्दै थुनामा पठाउने आदेश गरेको थियो । उच्च अदालतका न्यायाधीश कोइरालाले उक्त संवादमा गिफ्ट भनेको रकम हो भन्ने पुष्टि नभएको तर्क गरेका छन् । त्यो रकम केशव दुलालबाट बालकृष्ण खाँणले लिएको भन्ने दाबीलाई केशव दुलालले नै इन्कार गरेको भनी धरौटीमा छुट्ने तेस्रो आधार बनाएका छन् ।

आदेशमा भनिएको छ, 'प्रतिवादी केशव दुलालले उक्त तथ्यमा इन्कार गर्दै आफूले प्रतिवादी बालकृष्ण खाँणलाई नभेटेको तथा निजलाई कुनै रकम नदिएको भनि उल्लेख गरेको छ । केशव दलालले दोस्रो पटक प्रहरीसँग गरेको बयानमा टेकनारायण पाण्डेलाई एक करोड २५ लाख रुपैयाँ दिएको दावी गरेका थिए । तर पूर्वसभासद आङटावा शेर्पाले आरोप अस्वीकार गरेका थिए । यसलाई न्यायाधीश कोइरालाले खाँणको संलग्नता पुष्टि नहुने चौथो आधारका रुपमा उल्लेख गरेका छन् । आफू पक्राउ परेपछि तत्कालिन सचिव टेकनारायण पाण्डेले बालकृष्ण खाँणका स्वकीय सचिव नरेन्द्र केसीलाई सम्बोधन गरी चिट लेखेका थिए । त्यो चिटमा बालकृष्ण खाँणको नाम उल्लेख नभएको भनी न्यायाधीशले खाँणलाई धरौटीमा रिहा गर्ने पाँचौं आधारका रुपमा राखेका छन् ।

प्रहरीको हिरासतकक्षमा रहँदा तत्कालिन गृहसचिव टेकनारायण पाण्डेको साथबाट डायरी र कलम बरामद भएको नदेखिनु उनलाई धरौटीमा छाड्ने आदेशको छैठौं आधार बनेको छ । यी छ वटा आधारमा न्यायाधीश कोइरालाले नक्कली शरणार्थी प्रकरणमा बालकृष्ण खाँणलाई थुनामै राख्नुपर्ने आवश्यकता नभएको निष्कर्ष निकालेका हुन् । खाँडलाई छुटाउनका लागि किस्ताबन्दीमा यो फैसला आएको मान्न सकिन्छ।प्रतिवेदन फेरबदल गर्न सक्ने र निर्देशन दिन सक्नेलाई रिहा गरेर फोटो खिचेको, प्रहरीमा जवर्जस्ती बयान गराइएकालाई थुन्नु जगत हसाउने काम हो ।

सत्तारुढ दलको नेतालाई छोडेर प्रतिपक्षी र अह्राएकालाई थुन्नु प्रतिशोध मात्र हो।सरकारले भ्रष्टाचारीलाई उन्मुक्ति दिएर सस्तो प्रचार गरेको खाँडको रिहाई आदेश र सुन काण्डमा माओवादी नेतालाई दिएको छुटले प्रष्ट पारेको छ । नक्कली भुटानी शरणार्थी प्रकरणमा १५ मंसिरमा उच्च अदालतले पूर्वमन्त्री टोपबहादुर रायमाझीसहित १६ जनालाई भने पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो । त्यस्तै भुटानी शरणार्थी नेता टेकनाथ रिजाल ७ महिनापछि धरौटीमा रिहा भएका छन । ललिता निवासमा निर्णय गर्नेले उन्मुक्ति पाउने र किन्नेले सजायं पाउने मत्स्य न्याय सरकारले गरेको थियो । सुन तस्करीमा त सत्तारुढका नेतालाई छुन समेत परेन । हल्ला गर्नु र निष्कर्षमा पुर्याउनु फरक हो । सरकारका सबै प्रचार पानीको फोका साबित भएको छ ।

# पोखरामा '१२ दुर्वासा' नाटक मञ्चन तयारी

पोखरापत्र संवाददाता
पोखरा, ११ पुस

पोखरामा नाटक '१२ दुर्वासा' मञ्चन तयारी सुरु भएको छ । पोखरा थिएटरको गन्धर्व नाटकघरमा यहीं पुष २६ गतेबाट मञ्चन हुने नाटकको यतिबेला धमाधम रिहर्सल भइरहेको हो । अमेरिकन नाटककार रेग्नाल्ड रोजले लेखेको नाटकको नेपाली अनुवाद सुरेश सापकोटाले गरेका छन् । परिवर्तनको निर्देशनमा तयार हुने नाटकमा १३ जना कलाकारले अभिनय गर्नेछन् ।

यो नाटकको लागि पोखरा थिएटरको गन्धर्व नाटकघरमा 'ट्राभर्स स्टेज' निर्माण गरिदैछ। यस्तो स्टेजको प्रयोग गन्धर्व नाटकघरमा पहिलो भएकोले दर्शकले नौलो अनुभव समेत गर्न पाउनेछन्। 'ट्वेल एङ्ग्री म्यान'को नेपाली रुपान्तरण रहेको नाटकमा छोराले बुबालाई मारेको हो होइन भन्ने विषयमा केन्द्रीत रहेको छ । यो विषयमा अदालतलाई निर्णय गर्न गाह्रो भएपछि फरक-फरक पृष्ठभूमिका १२ जनालाई छलफल गरी निर्णय गर्न लगाइन्छ । उनीहरुको विचारमा देखिने विविधता र सर्घष नै नाटकको विषयवस्तु हो । सन् २०५४ मा टेलि प्ले (टेलिभिजन सिरिज) का रुपमा रेगाल्डले यो नाटक लेखेका थिए । पछि सन् १९५७ मा फिल्म निर्माण भयो । त्यसपछि यो विश्वव्यापी रुपमा भन्नै चर्चित बन्यो । विश्वका विभिन्न भाषामा यसको फिल्म नाटक निर्माण भएका छन् । यो नाटकले वर्गीय,जातिय, क्षेत्रिय, लैङ्गीक समाजको चित्रण गर्ने भएकोले यो नाटकले नाटकप्रेमीको ध्यान खिच्ने अपेक्षा गरिएको छ । नाटकलाई आर्कषक बनाउनका लागि रिहर्सल सुरु भएको निर्देशक परिवर्तनले बताए । यसअगाडि बितेका कुरा, निरमाया, बाकस, एक चिहान, कोही किन बर्बाद होस्, दुई नाटक लगायत निर्देशन गरिसकेका उनले यस नाटकलाई परिपक्क बनाउन मेहनत र तयारी टीम मार्फत गहन ढंगले भइरहेको बताए । लगातार विद्यार्थी केन्द्रीत नाटक मञ्चन भइरहेकोसमयमा त्यसभन्दा भिन्न खालको स्वाद पस्कनको लागि यो नाटक उपयुक्त हुने ठानेर मञ्चन गर्न खोजिएको उनले खुलाए । 'गन्धर्व नाटकघरमा लामो समयपछि नियमित मञ्चनको रुपमा १२ दुर्वासा मञ्चन गर्न लागिएको हो, हुनत मैले विगत ५ वर्षदेखि नाटकको स्क्रृप्ट लिएर उपयुक्त समयको प्रतिक्षामा बसेको थिए, जुन समय अहिले निस्कियो' उनले भने ।

१ घण्टा ३० मिनेट अवधिको यो नाटक प्रचार-प्रसार र व्यस्थापनका लागि बजार प्रबन्धक प्रकाश पराजुली र लेखा हेर्ने शुभेक्ष्या शर्माले काम गरिरहेका छन् । लामो समयमो अन्तरमा खुला रुपमा सबै दर्शकलाई लक्षित गेरर नाटक मञ्चन गर्न लागेको कारण नाटकप्रेमीबाट सकारात्मक रेसपोन्स पाइरहेको उनीहरुले खुलाए । नाटक पोखरा थिएटरको प्रस्तुतीमा माघ १३ गतेसम्म मञ्चन हुनेछ । नाटक बुधबार बाहेक हरेक दिन साँझ ४:४५ बजे शनिबार र आइतबार अतिरिक्त शो को रुपमा दिउँसो १ बजेसमेत नाटक मञ्चन हुने पोखरा थिएटरका संस्थापक सदस्य दीलप्रसाद गुरुङले जनाए ।

# अध्यक्ष ढकाल गृहजिल्लामा सम्मानित

पोखरापत्र संवाददाता
बागलुङ, ११ पुस

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकाल गृहजिल्ला बागलुङमा सम्मानित हुनुभएको छ ।

बागलुङ नगरपालिका-१२ अमलाचौरमा जन्मिनुभएका अध्यक्ष ढकाललाई सातौं बागलुङ महोत्सव उद्घाटनका लागि बागलुङ आउनुभएका राष्ट्रपति रामचन्द्र पौडेलले आज यहाँ आयोजित कार्यक्रममा सम्मान गर्नुभएको हो । बागलुङ उद्योग बाणिज्य सङ्घले अध्यक्ष ढकाललाई व्यावसायीक क्षेत्रमा बागलुङलाई चिनाएको भन्दै सम्मान गरेको हो । आइएमई ग्रुपका अध्यक्षसमेत रहनुभएका ढकालले व्यावसायीक क्षेत्रमा पाएको सफलताले बागलुङको चिनारी थप विस्तार भएको भन्दै उहाँलाई सम्मान गरिएको हो । सामान्य परिवारमा जन्मिनुभएका अध्यक्ष ढकालले लामो समयको अथक मेहनतपछि व्यावसायीक क्षेत्रमा सफलता प्राप्त गर्नुभएको हो । अध्यक्ष ढकालले आफूले आफ्नो जन्मभूमिमा पाएको सम्मान अमूल्य रहेको उल्लेख गर्दै महोत्सव आयोजकलाई धन्यवाद ज्ञापन गर्नुभयो । कार्यक्रममा अध्यक्ष ढकालसँगै बागलुङका अर्का व्यवसायी अशोक शेरचनलाई पनि सम्मान गरिएको छ । शेरचन प्रभु बैंकको प्रमुख कार्यकारी अधिकृत हुनुहुन्छ । उहाँहरू दुवैजनाले बैंकिङ लगायतका क्षेत्रमा लगानी गर्नुभएको छ। बागलुङ महोत्सवको सुरुआतदेखि अहिलेसम्मका महोत्सव सञ्चालन गर्न योगदान दिएका पूर्व अध्यक्षहरूलाई पनि सङ्घले सम्मान गरेको छ । सम्मानित हुनेहरूमा सहदेव राजभण्डारी तथा पूर्व अध्यक्षहरू क्रमशः ध्रुवराज गौतम, बसन्तकुमार श्रेष्ठ, जयराम भारी र युवराज राजभण्डारी रहनुभएको छ । कोरोना सङ्क्रमणका कारण बागलुङ महोत्सव चार वर्षपछि आयोजना गरिएको हो । आजदेखि सुरु भएको महोत्सव यही पुस २१ गतेसम्म चल्ने उद्योग वाणिज्य सङ्घ बागलुङका अध्यक्ष नरेश कँडेलले जानकारी दिनुभयो ।

# म्याग्दे खोलामा पुल निर्माण

पोखरापत्र संवाददाता
तनहुँ, ११ पुस

जिल्लाको म्याग्दे गाउँपालिका वडा नं ४ र ७ जोड्ने म्याग्दे खोलामा मोटर सञ्चालन हुने पुल निर्माण भएको छ ।

पुल बनेपछि दुई पाँच हजार नौ सय छैसठ्ठी परिवार प्रत्यक्ष लाभान्वित हुने भएका छन् ।

दुई वडा जोड्ने मोटरेबल निर्माण भएपछि स्थानीयवासी खुसी भएका छन् । उक्त स्थानमा पुल नहुँदा स्थानीयवासीले कठिनाइ भोग्नुपरेको थियो । आवतजावतमा सहज भएको खुसियालीमा स्थानीयवासीले पञ्चेबाजाको तालमा नाचगान गरेर रमाइलो गरेका हुन् । पुल उद्घाटन कार्यक्रममा आउनुभएकी प्रमुख अतिथी पूर्वमन्त्री आशा कोइरालासमेत नाचेर सहभागिता जनाउनुभएको थियो । नेकपा (माओवादी केन्द्र)की केन्द्रीय सदस्यसमेत रहनुभएकी कोइरालाले उक्त पुलको एक कार्यक्रमका बीच उद्घाटन गर्नुभएको थियो ।

# राजनीतिसँगै व्यावसायिक माछापालनमा रमाउँदै गुरुङ

पोखरापत्र संवाददाता
गोरखा, ११ पुस

उत्तरी गोरखाको धार्चे गाउँपालिकाका अध्यक्ष लक्ष्मण गुरुङको सक्रियता राजनीतिकसँगै कृषि पेसामा पनि उत्तिकै छ । गत स्थानीय तहको निर्वाचनमा विजयी भएपछि उहाँको कृषि पेसाको लगाव घटेको छैन ।

धार्चे गाउँपालिका-३ स्थित खोर्लाबेँसीमा रहेको 'धार्चे रेन्वे ट्राउट एण्ड अर्ग्यानिक होम' सञ्चालन गर्दै आउनुभएका अध्यक्ष गुरुङले दिनहुँ पालिकाको सम्पूर्ण जिम्मेवारी पूरा गरेर बाँकी बिहान-बेलुकीको अधिकांश समय त्यहीं फार्ममा बिताउनुहुन्छ । त्यसैबाट हुने आम्दानीले आफ्नो र सिङ्गो परिवारको जीविकोपार्जन राम्रोसँग चल्दै आएको उहाँ बताउनुहुन्छ । पालिकाको केन्द्र रहेको माछीखोलाबाट करिब २० मिनेटमा पुगिने खोर्लाबेँसीमा रहेको अर्ग्यानिक फार्ममा उहाँ सकभर हरेक साँझ बास बस्न पुग्नुहुन्छ र फार्ममा रहेका माछापोखरी डुलेर दिनभरिको थकाइ मेट्नुहुन्छ । खोर्लाबेँसीमा गुरुङले करिब १२ रोपनी क्षेत्रफल जमिनमा नौवटा पोखरी निर्माण गरेर व्यावसायिक रेन्वो ट्राउट माछापालन गर्दै आउनुभएको हो । "धार्चेमा धेरै चिसो पानी बगिरहेको छ, यसलाई उपयोग गर्नुपर्‍यो भनेर व्यावसायिकरूपमा रेन्वे ट्राउट माछापालन गर्न सुरु गरिएको हो", उहाँले भन्नुभयो । उहाँले बाह्य पर्यटकलाई लक्ष्य गरेर २०६७ सालमा निर्माण गरिएको अर्ग्यानिक होमलाई रुपान्तरण गरेर अहिले साझेदारीमा ट्राउट एण्ड अर्ग्यानिक होम सञ्चालन गरेको बताउनुभयो । ट्राउट एण्ड अर्ग्यानिक होममा उत्पादित रेन्वो ट्राउट माछा प्रतिकिलो रु एक हजार सात सयमा बिक्री हुने गरेको उहाँको भनाइ छ । "अर्ग्यानिक होममा नै पकाएर खाने पर्यटक तथा पाहुनाले ट्राउट माछा प्रतिकिलो रु दुई हजार तिनुपर्छ, घर लैजानेले प्रतिकिलो रु एक हजार सात सयमा पाउँछन्", उहाँले भन्नुभयो । आजभोलि मनास्लु पदयात्रामा जाने आउने पर्यटकसमेत ट्राउट एण्ड अर्ग्यानिक होममा बसेर ट्राउट माछाको स्वाद चाखेर मात्र फर्कने गरेको उहाँले बताउनुभयो । "दैनिक करिब छ-सात किलो माछा बिक्री हुन्छ, माघमा तातोपानी मेलाको समयमा त दैनिक दुई-तीन क्विन्टलसम्म पनि बिक्री हुँदै आएको छ", उहाँले भन्नुभयो ।

फार्मको उत्पादनले स्थानीय बजारमा नपुगेसमेत गुरुङले बताउनुभयो। ट्राउट माछा पाल्नका लागि १४ देखि १८ डिग्री उपयुक्त तापक्रम हो । अहिले ट्राउट एण्ड अर्ग्यानिक होमबाट वार्षिक २० देखि २५ क्विन्टल उत्पादन हुन्छ । यसबाट राम्रो आम्दानी हुँदै आएको छ, उत्पादित माछा अधिकांश स्थानीय बजारमा खपत हुने गरेको भए पनि केही भने आरुघाट बजार बिक्री हुने गरेको उहाँले जानकारी दिनुभयो । रेन्वो ट्राउट माछा दुई वर्षमा तीन सय ग्रामसम्मको हुने र अन्य माछाको तुलनामा अन्यन्तै स्वादिष्ट हुने भएकाले पनि ग्राहकको रोजाइ पर्ने गरेको अध्यक्ष गुरुङले बताउनुभयो ।

उहाँले अर्ग्यानिक फार्ममा माछापालनबाहेक माछाको भुरा उत्पादन गर्ने ह्याचरी सञ्चालन गरिएको छ भने एरोविक कफीखेती र लोकल कुखुरापालन गर्दै आउनुभएको छ । धार्चेमा चिसो पानी भएकाले ट्राउट माछापालनको प्रशस्त सम्भावना रहेको उहाँले जानकारी दिनुभयो । धार्चेका किसानलाई हौसला प्रदान गर्नका फार्ममै भुरा उत्पादनका लागि ह्याचरीसमेत सञ्चालन गरिएको छ । फार्म सञ्चालनका लागि करिब रु तीन करोड लगानी भएको उहाँले जानकारी दिनभयो । ट्राउट एण्ड अर्ग्यानिक होममा माछाका लागि दाना उत्पादन गर्नका लागि एक तालिम प्राप्त व्यक्तिलाई सेयर सदस्यका रूपमा राखिएको उहाँले बताउनुभयो । सामूहिकरूपमा कमाउने र रोजगारी प्रदान गर्ने उद्देश्य छ । बाहिरबाट आउने पर्यटकले बोकेर ल्याएर फोहर फाल्ने ठाउँ धार्चेलाई बनाउनु हुँदैन, धार्चेको उत्पादनले बजारलाई आत्मानिर्भर बनाउनुपर्छ गुरुङले भन्नुभयो । अहिले सञ्चालन गरिएको ट्राउट एण्ड अर्ग्यानिक होम बाह्यभन्दा पनि आन्तरिक पर्यटकलाई लक्षित गरी सञ्चालन गरिएको उहाँको भनाइ छ । ग्रामीण परिवेश भएकाले धार्चेमा सानो लगानीमा तर सफा र स्वच्छ संरचना निर्माण गरेर पर्यटकलाई आर्कषित गर्नुपर्ने उहाँले बताउनुभयो । धार्चे आउने पर्यटकलाई यहाँको उत्पादनको स्वाद चखाउन सके स्थानीय किसानले उत्पादन गरेको बस्तु बिक्री पनि हुने र किसानले पैसा पाउने अवस्था सिर्जना हुन्छ, त्यसो गर्दा स्थानीय किसानको आयआर्जन वृद्धि गर्न मद्दत पुग्छ भन्ने विश्वास अध्यक्ष गुरुङको छ । फार्मबाट अहिले वार्षिक एक लाख ट्राउट माछाको भुरा उत्पादन गर्न सकिने अध्यक्ष गुरुङले बताउनुभयो । "फार्मका लागि आवश्यक पर्ने ३० हजारदेखि ३५ हजारसम्म मात्र माछाको भुरा उत्पादन गर्ने गरिएको छ", उहाँले भन्नुभयो, "भुराको माग भए त एक लाखसम्म पनि उत्पादन गर्न सकिन्छ ।" एउटा उमेर पुगेका माछाबाट एक सय ५० ग्राम अण्डा उत्पादन हुन्छ भने एक ग्राम अण्डाबाट १६ वटा भुरा उत्पादन हुने गुरुङको भनाइ छ । फार्ममा अहिले भुरा उत्पादनका लागि छ सयवटा पोथी माछा रहेको छ । फार्ममार्फत धार्चेका किसानलाई माछापालनमा प्रोत्साहनका लागि तालिम सञ्चालन गर्ने तयारी गरिएको छ ।

# धातुको बुद्धको मूर्तिको प्रतिष्ठा पूजा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ११ पुस

पोखरा महानगरपालिका वडा नम्बर ३ नारायण स्थान स्थित मैत्री संघ भवनमा स्थापित २४ इन्चको भुमी स्पर्श धातुको बुद्धको मूर्तिको श्रद्धेय भिक्षु संघको सानिध्यमा एक समारोहका विच प्रतिष्ठा पुजा सम्पन्न भएको छ ।

दिवंगत श्रीमती चन्द्रवती उदासको स्मृतिमा पति राधेश्याम उदास तथा छोरा बुहारी गौतम उदास, शान्ती श्रेष्ठ उदास, एवम उदास परिवारले भगवान बुद्धको मूर्ति सौजन्य प्रदान गर्नुभएको हो । मैत्री संघका अध्यक्ष राधेश्याम उदासको अध्यक्षतामा भएको प्रतिष्ठा पूजा कार्यक्रममा परियती उदय विहारका प्रमुख, विमल धम्म मैत्री संघका अध्यक्ष राधेश्याम उदास र पोखरा महानगरपालिका वडा नम्बर ३ का अध्यक्ष प्रकाशमान उदासले संयुक्त रुपमा दिप प्रज्वलन गरि शुरुवात गर्नुभएको हो ।



कार्यक्रममा धर्मशिला बुद्ध विहार दायकसभाका अध्यक्ष श्याम शाक्य, बुद्ध जयन्ती समारोह समितिका अध्यक्ष क्याप्टेन चन्द्रप्रसाद गुरुङ, श्री लक्ष्मी नारायण मन्दिरका अध्यक्ष महेश पराजुली, धर्मोदय सभाका अध्यक्ष चन्द्रलक्ष्मी गुभाजु, राधाकृष्ण मन्दिरका अध्यक्ष बन्धुराज पराजुली, पोखरा महानगरपालिका वडा नम्बर ३ का अध्यक्ष प्रकाशमान उदास लगायतले बोलेका थिए । वि.सं. १९६० को दशक तिर स्व. रत्नमान खरदारले जिर्णोद्धार गरेको चैत्य वि.स.२०५२ सालमा पुर्निनिर्माण भएको थियो । साथै चैत्यको संरक्षण , संर्वद्धन र भगवान बुद्धको व्यवहारिक शिक्षालाई प्रचार प्रसार गर्न २०५३ सालमा मैत्री संघको स्थापना भएको थियो । मैत्री संघले निशुल्क बाल शिक्षा कार्यक्रम सञ्चालन गर्दै आएको छ ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाव | तुला | : कार्यमा सफलता |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : व्यापारमा लाभ | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : झमेला बढ्ने | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्भन्नुहोस् ।



## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

एस.राज ल्याङ्वेज इन्स्टिच्युट प्रा.लि.को २०८०/०९/०१ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंको प.सं. ८०/८१, च.नं.२९३३८, मिति २०८०/०९/०२ को पत्र अनुसारको निर्णयबाट साविकको एस.राज ल्याङ्वेज इन्स्टिच्युट प्रा.लि.को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम एस.राज ल्याङ्वेज इन्स्टिच्युट प्रा.लि. कम्पनीले सकार्ने व्यहोर्ने गरी साविकको नाम परिवर्तन गर्न स्वीकृती प्राप्त भए बमोजिम यस कम्पनीको नाम एस.राज ल्याङ्वेज इन्स्टिच्युट प्रा.लि. (S.Raj Language Institute Pvt Ltd) कायम गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

# घुम्दै, घुमाउँदै...

रामबहादुर थापा
पोखरा, ११ पुस /रासस

मनास्लु पदयात्राको छैटौं दिनमा दिवस गुरुङ उत्तरी गोरखाको चुम उपत्यका पुगुभएको थियो । पदयात्रामा उहाँ एक्लै भने हुनुहुन्थेन । साथमा थिए इटालीका रिकार्डो र भेरोनिका । यो गत कात्तिक २९ गतेको कुरा हो । तिहारको दिन थियो । तीन हजार सात सय मिटरको उचाइमा अवस्थित प्राचीन मु–गुम्बाको आँगनमा उनीहरूले भाइटीका लगाउने निधो गरे ।

गर्लैंचा ओछ्याएर तीनैजना टुक्रुक–टुक्रुक बसे । सुरुमा भेरोनिकाले गुरुङको निधारमा सप्तरङ्गी टीकासहित ढाकाटोपी र सयपत्री माला पहिराइदिनुभयो । गुरुङपछि भेरोनिकाले उसैगरी रिकार्डोलाई पनि टीका, माला र टोपी लगाइदिनुभयो । गुरुङ र रिकार्डोले भेरोनिकालाई मिठाइ र फलफूल दिनुभयो । यसरी पदयात्राका क्रममा बाटैमा उनीहरूले रमाइलोसँग तिहार मनाए ।

"हिँड्दाहिँड्दै भाइटीकाका दिन जहाँ पुगिन्छ त्यही तिहार मनाउने भनेर टीका र सामग्री म आफैँले बोकेर गएको थिएँ", गुरुङले सुनाउनुभयो, "रिकार्डो र भेरोनिका स्कुले साथी हुन्, धेरैपछि नेपाल आउँदा दुई जनाबीच भेट भएको थियो, उनीहरूसँगै पदयात्रा गर्दा र भाइटीका लगाउन पाउँदा एकदमै रमाइलो अनुभूति भएको थियो ।"

देशभर तिहारको उल्लास छाइरहँदा गुरुङ भने रिकार्डो र भेरोनिकालाई लिएर गणेश हिमालको आधारशिविरतर्फ जाँदै हुनुहुन्थ्यो । कास्कीको अन्नपूर्ण गाउँपालिका–४ भदौरेका गुरुङलाई चाडबाडमा घरपरिवार र आफन्तसँग नहुनु नौलो कुरा भने थिएन । गुरुङले यसपालिको दसैं पनि पदयात्राकै क्रममा अन्नपूर्ण संरक्षण क्षेत्रमा बेलायती पर्यटकसँग मनाउनुभएको थियो ।

गत वर्षको दसैं–तिहारमा त उहाँ झनै टाढा कर्णाली क्षेत्रको पदयात्रामा निस्कनुभएको थियो । "पदयात्राको मुख्य याम पर्ने भएकाले दसैं–तिहारका बेला प्रायः घुमफिरमै रमाइरहेको हुन्छु", गुरुङले भन्नुभयो, "कहिले एक्लै घुम्छु, कहिले पदयात्री पर्यटकलाई लिएर हिँडिरहेको हुन्छु ।" पथप्रदर्शक भएपछि चाडपर्व नै बिर्सेर यात्रामा जानुपर्ने उहाँले बताउनुभयो ।

आर्थिक उपार्जनमा जोडिन पथप्रदर्शकको अनुमति लिएर काम गरिरहेको गुरुङले सुनाउनुभयो । सोख र देश बुझ्ने भोकले एक्लै घुम्न निस्कने गुरुङ पर्यटक पथप्रदर्शकको काम भने परिवारको जीविकाका लागि गर्ने गरेको बताउनुहुन्छ । "घुम्ने र घुमाउने नै मेरो मुख्य पेसा बनेको छ, योबाहेक अरु केही सोचेको छैन, घुम्न अझ धेरै बाँकी छ", उहाँले भन्नुभयो, "प्रचारमा नआएका गन्तव्यस्थल घुम्ने र तिनको प्रवर्द्धनमा सक्दो सहयोग पुर्‍याउने प्रयास गर्नेछु ।" सन् २०१८ मा पदयात्रासम्बन्धी तालिम लिएपछि सन् २०१९ देखि उहाँले पर्यटक पथप्रदर्शकको काम गर्न थाल्नुभएको हो । "पहिलोपटक पोल्याण्डको एक जोडीलाई अन्नपूर्ण आधार शिविर पुर्‍याएको थिएँ, त्यसयता पर्यटक पथप्रदर्शकको काममा निरन्तर छु, कहिले कम्पनीमार्फत त कहिले व्यक्तिगत सम्पर्कका आधारमा पर्यटकलाई विभिन्न गन्तव्यमा घुमाउन लैजाने गरेको छु", गुरुङले भन्नुभयो, "वन विज्ञानमा स्नातक पढ्दापढ्दै पर्यटन क्षेत्रतिर लागेँ, अहिले यसैमा सन्तुष्टी र आनन्द लिइरहेको छु ।" गुरुङले नयाँ–नयाँ ठाउँमा पुग्दाका रोचकयात्रा विवरण र श्रव्यदृश्य सामग्रीलाई युट्युबलगायत माध्यमबाट सम्प्रेषण गर्दै आउनुभएको छ । उहाँले पर्यटकीय गन्तव्यस्थलबारे अखबारमा पनि लेखिरहनुहुन्छ ।

घुमफिर भनेपछि उहाँले सबैथोक बिर्सनुहुन्छ । उनान्तीस वर्षीय गुरुङ बेफिक्री घुम्न रुचाउनुहुन्छ । जतिसुकै कठिन र लामो यात्रामा पनि एक्लै निस्कनुहुन्छ । लाम्छ गुरुङ एक घुमन्तेको परिचय लिएर बाँचिरहनुभएको छ । "नयाँनयाँ गन्तव्य, भूगोल, संस्कृति, रहनसहन आदि देख्न र बुझ्न पाइने भएकाले म घुम्न अधिक रुचाउँछु", उहाँले भन्नुभयो, "पैदल र साइकलमा गरी विगत आठ वर्षदेखि देश घुमिरहेको छु ।" विसं २०७२ को गोरखा भूकम्पपछि देश घुम्ने भोक जागेको उहाँ बताउनुहुन्छ । त्यो बेला गुरुङ पोखराको वन विज्ञान अध्ययन संस्थानमा स्नातक पढ्नुहुन्थ्यो । "क्याम्पसका साथी मिलेर भूकम्प प्रभावितका लागि राहत लिएर गोरखा पुगेका थियौँ", उहाँले विगत कोट्याउनुभयो, "पहिलोपटक गोरखा टेक्दा देशभित्रै घुम्नुपर्ने ठाउँ धेरै रहेछन्, पोखराबाहिर पनि यति सुन्दर ठाउँमा रहेछ भन्ने लाग्यो ।"

त्यसपछि उहाँमा घुमफिर गर्ने सोच झाँगिदै गयो । विसं २०७२ को भूकम्पलगत्तै देशले भारतीय नाकाबन्दी सामना गरिरहेको थियो । इन्धन अभावले गाडी कमै गुड्थे । गुरुङलाई दैनिक क्याम्पस आउजाउको सकस थियो । समयमा सवारी नपाउँदा क्याम्पस पुग्नै ढिलो हुन्थ्यो । दस हजार जोरजाम पारेर 'सेकेण्डहेण्ड' साइकल किन्नुभयो ।

लामाचौरबाट क्याम्पससम्म साइकलमै ओहोरदोहोर गर्न थाल्नुभयो । "विस्तारै साइकिलिङमा मेरो मोह बस्यो, क्याम्पस मात्र नभएर टाढा–टाढासम्म साइकलमै घुम्न निस्किएँ", गुरुङले भन्नुभयो, "साइकिलिङ र पदयात्रा गर्नुको मज्जा नै बेग्लै हुन्छ, खास यात्रा भनेको यही हो भन्ने लाग्छ ।"

पोखरा आसपास साइकलमा कुँदुदाकुँदुदै गुरुङले साइकल संस्कृतिबारे सिक्नुभयो । देशभरका साइकलप्रेमीको सञ्जालमा जोडिनुभयो । 'टुर दि पोखरा'का अवसरमा उहाँले विश्व साइकलयात्री पुष्कर शाहलगायतसँग भेट्नभयो । "चर्चित साइकल राइडरलाई देखेपछि साइकलबाटै पनि देशविदेश घुम्न सकिनेरहेछ भन्ने लाग्यो", गुरुङले सुनाउनुभयो, "२०७४ को मङ्सिरतिर ६० हजार खर्चेर राम्रो खाले साइकल किनेँ र घुम्न थालेँ ।"

यात्राका लागि चाहिने पैसादेखि सबै बन्दोबस्ती उहाँ आफ्नै खर्चमा जोहो गर्नुहुन्छ । "म कसैको स्पोन्सर्ड यात्रामा गर्दिन, म आफ्नै खर्चमा घुम्छु, साइकल पनि ट्युसन पढाएर बसेको पैसाले किनेको हुँ", उहाँले भन्नुभयो, "एकल यात्रामा स्वतन्त्रता हुन्छ, अरुसँग बाँधिएर हिँड्नु पर्दैन, फेरि पदयात्रा भनेको हताहिए गर्ने कुरा पनि होइन ।" पहिलोपटकको उहाँको टाढाको साइकलयात्रा भनेको पोखराबाट पर्यटकीय गाउँ सिक्लेससम्मको थियो । दुई दिन लगाएर उहाँ सिक्लेस पुग्नुभएको थियो । पछि उहाँ एकजना साथी लिएर साइकलमै गोरखाको बारपाक पनि पुग्नुभयो । 'टुर दि लुम्बिनी', 'टुर दि सिन्धुलीगढी'लगायत साइकलयात्रामा सहभागी बनेको गुरुङले सुनाउनुभयो ।

"टुर दि लुम्बिनीका क्रममा काठमाडौँबाट चार दिन लगाएर लुम्बिनी पुगेका थियौँ, सन् २०१७ र २०१८ को टुर दि लुम्बिनीमा मैले भाग लिएँ", उहाँले भन्नुभयो, "सन् २०१८ मै पूर्वी नेपाल र मधेसका जिल्लामा ४२ दिनको साइकलयात्रा गरेँ, दसैँअघि गएर छठपछि बल्ल घर फर्केको थिएँ ।" गुरुङले सोलुखुम्बुबाहेक कोशी प्रदेशका १२ र तराईका सबै जिल्ला साइकलमा घुमेर महेन्द्रनगरमा यात्रालाई बिट मार्नुभएको थियो । त्यो उहाँको हालसम्मको सबैभन्दा लामो साइकलयात्रा हो । हिमाल, पहाड, तराईबीचको एकता, भाइचारा र पर्यटन प्रवर्द्धनको सन्देश लिएर उक्त साइकलयात्रा गरेको गुरुङ बताउनुहुन्छ । बन्दीपुर, भुजुङ, घलेगाउँ, ढोरपाटनसहित गण्डकी प्रदेशका कैयन पर्यटकीय गन्तव्यस्थलको भ्रमणमा पनि उहाँ साइकलबाटै पुग्नुभएको छ ।

"साइकिलिङ र पदयात्रा गर्दा म प्रायः एक्लै हुन्छु, एकल यात्रा मेरो सोख र रोजाइ हो", गुरुङ थप्नुहुन्छ, "म साथी लिएर घुम्न जाने होइन, घुमेर साथी बनाउनुपर्छ भन्ने मान्यता राख्छु ।" गुरुङले गत वर्ष दसैँताका एक्लै 'कर्णाली यात्रा' गर्नुभएको थियो । मुस्ताङबाट छिरेर मुगुको रारातालसम्म ५५ दिन उहाँले पदयात्रामा कटाउनुभएको थियो । मुस्ताङबाट डोल्पा छिर्ने पाँच हजार मिटर उचाइको भञ्ज्याङमा पाँच दिनसम्म अलपत्र पर्नुपरेको क्षण उहाँको स्मृतिमा अहिले पनि ताजै छ । "हिमपातका कारण मुस्ताङ र डोल्पाको बीचमा पर्ने याकखर्कमा सम्पर्कविहीन भएर बस्नुपर्‍यो, पाँच दिनसम्म धर्मशालामा टेण्ट हालेर रात बिताएँ", गुरुङले भन्नुभयो, "प्रतिकूल मौसम, त्यहीमाथि उच्च हिमाली भेग, पाँच दिनसम्म घरपरिवारसँग पनि सम्पर्क हुन नसक्दा मन केही आत्तिएजस्तो पनि भएको थियो, तर मैले आफूलाई सम्हाले र मौसम सुधारपछि यात्रामा अगाडि बढेँ ।" आफूलाई चाहिने सबै बन्दोबस्तीसहित उहाँ पदयात्रामा निस्कनुहुन्छ । टेण्ट, लुगाफाटा, खानेकुरा, भाँडाकुँडा, पकाउने ग्यास, औषधिलगायत सामग्री साथमै बोक्नुहुन्छ । हिँड्दै जाँदा जहाँ रात पर्‍यो त्यही रात बिताउनुहुन्छ । भरसक होटलमा नबसी गाउँलेकहाँ बस्नुहुन्छ । बस्ती नै नभेटिए सुरक्षित ठाउँ खोजेर टेण्ट हालेर सुत्नुहुन्छ । गुरुङले गत वर्षकै साउन र भदौमा 'गुरिल्ला ट्रेल'मा ३५ दिन हिँड्नुभएको थियो । घोषणा भएको वर्षौं बितिसक्दा पनि ओझेलमा परेको उक्त पदमार्गको अनुभव बटुल्न एकल यात्रा गरेको उहाँले बताउनुभयो ।

"माओवादी जनयुद्धकाताका छापामारले प्रयोग गर्ने मार्गलाई गुरिल्ला ट्रेलका रूपमा घोषणा गरिए पनि पूर्वाधार र प्रचारप्रसार अभावमा उक्त ट्रेल पछाडि परेको छ", गुरुङले भन्नुभयो, "भौगोलिक विशिष्टता, प्राकृतिक सौन्दर्य, जनजातिको सघन बसोबास र तिनका संस्कृति, रहनसहन तथा स्थानीय उत्पादन गुरिल्ला ट्रेलका विशेषता हुन् ।"

बागलुङको बुर्तिबाट सुरु भएको उहाँको 'गुरिल्ला ट्रेल'को पदयात्रा ढोरपाटन, रुकुमपूर्वको पेल्मा, मैकोट, लुकुम हुँदै रोल्पाको थवाङ, जेलवाङलगायत ठाउँमा पुगेर सकिएको थियो । सडकको अतिक्रमणका कारण सडकमा परेका पदमार्गको अवस्था देख्दा भने उहाँको मन पनि खिन्न हुन्छ । उहाँले वैकल्पिक पदमार्ग बनाउनुपर्ने धारणा राख्नुभयो । "नेपालमा आउनेमध्ये धेरै पर्यटक हिमाल आरोहण र पदयात्राका लागि आउँछन्", गुरुङले भन्नुभयो, "पदमार्ग जोगाउन सकिएन भने पर्यटन पनि खस्कँदै जान्छ, विश्वमै चर्चित पदमार्ग पनि नामेट भएर जाने अवस्था आउँछ ।"

उहाँले पदयात्रा गर्न चाहनेलाई सबैभन्दा पहिला इच्छाशक्ति बटुल्न सुझाउँछन् । "थोरै पैसाले पनि घुम्न सकिन्छ, फजुल खर्च नगरौँ, घुमफिरका लागि समय छुट्याऔँ", गुरुङ भन्नुहुन्छ, "आफूले जान चाहेको गन्तव्यका बारेमा पर्याप्त जानकारी लिऔँ, पूर्वअध्ययन गरौँ ।" पदयात्रा गर्दा ट्रेकिङ झोला, न्यानो लुगा, आरामदायी जुत्ता, हलुका खानेकुरा, पानी, औषधिलगायत सामग्रीको जोहो गर्नुपर्ने उहाँले बताउनुभयो ।

"पदयात्रामा जाँदा शारीरिक र मानसिक स्फूर्ति पनि चाहिन्छ, यात्रामा आइपर्ने सबै परिस्थिति सामना गर्न तयार भएर हिँड्नुपर्छ", उहाँले भन्नुभयो, "आराम लिँदै हिँड्नुपर्छ, तलदेखि एकैपटकमा हिमाल र उच्च पहाडतिर जाँदा स्वास्थ्यमा जटिलता आउन सक्छ ।"

# पर्यटकको आकर्षण गन्तव्य बन्दै पचघैया प्राणी उद्यान केन्द्र

पोखरापत्र संवाददाता
पोखरा, ११ पुस

गण्डकी प्रदेश सरकारको गौरवको आयोजना पचघैया प्राणी उद्यान केन्द्रमा पर्यटकको आकर्षण बढेको छ । पोखरा महानगरपालिकाका तीन वडा समेटेर निर्माण गरी सञ्चालनमा आएको उद्यान केन्द्र सर्वसाधारणका लागि खुला गरिएसँगै सो क्षेत्र पर्यटकीय रोजाइमा परेको हो ।

लेखनाथ क्षेत्रका पचभैया, चैनपुर र चापापानी चिसाकुना सामुदायिक वनलाई समेटेर निर्माण गरिएको केन्द्रमा विभिन्न २३ प्रजातिका पशु तथा चराचुरुङ्गीको प्रदर्शन गरिको छ । सो उद्यान केन्द्रको एक वर्षको अवधिमा सात हजारभन्दा बढी पर्यटकले अध्ययन अवलोकन गरेका उद्यान व्यवस्थापन समितिका अध्यक्ष दीननाथ ढकालले जानकारी दिनुभयो ।

उद्यान केन्द्रमा चित्तुवा, नीलगाई, रतुवा मृग, चित्तल, चरीबाग, वन बिरालो, स्याल, अजिङ्गर, सेता गिद्ध, लाटोकोसेरो, मयुर, कछुवा, बाँदर, खरायोलगायत २३ प्रजातिका वन्यजन्तु तथा पक्षी अवलोकन गर्न पाउनेछन् । बृहत् पोखराको अवधारणाअनुसार स्थापना गरी सञ्चालनमा आएको उक्त केन्द्रले २०७९ साल पुसदेखि खुला गरिएको केन्द्रले टिकट बिक्रीबाट रु एक लाख ८४ हजार एक सय ९० आम्दानी गरेको उहाँले बताउनुभयो । अवलोकन गर्नेमा विद्यार्थीको सङ्ख्या बढी छ । प्रदेश सरकारको व्यवस्थापनमा डिभिजन वन कार्यालय कास्कीले हेर्नेगरी स्थानीयवासी, वन उपभोक्ता समिति र युनाइटेड क्लबका प्रतिनिधिसहितको सहभागितामा १५ सदस्यीय व्यवस्थापन समिति गठन गरिएको उहाँको भनाइ छ ।

"चिडियाखानाका रूपमा विकास गर्नका लागि यसको निरन्तरता र व्यवस्थित गर्न गुरुयोजना निर्माण गर्नु अपरिहार्य छ", अध्यक्ष ढकालले भन्नुभयो, "त्यसका लागि तीनै तहका सरकारको विशेष ध्यान पुग्नु पर्दछ ।" गण्डकी प्रदेश सरकारले यस आवका लागि कुल रु ८२ लाख बजेट विनियोजन गरेको जनाउँदै उहाँले यो रकमबाट रु ४० लाख वन्यजन्तु र पक्षीको आहारा र अन्य व्यवस्थापनामा खर्च हुने र रु ४२ लाख खोर मर्मत तथा आवश्यक भौतिक निर्माणमा लगानी गरिने बताउनुभयो ।

उद्यान केन्द्रमा प्रदेश सरकार, डिभिजन वन कार्यालय, लेखनाथ नगरपालिका र युनाइटेड क्लबको गरी लगभग रु पाँच करोड लगानी भइसकेको छ । डिभिजन वन कार्यालयद्वारा केन्द्रमा एक जना व्यवस्थापक र तीन सहयोगी कर्मचारीको व्यवस्थापन गरेको छ । पचघैया सामुदायिक वन उपभोक्ता समूहका कोषाध्यक्ष एवं व्यवस्थापन समितिका सदस्य बुद्धिबहादुर गुरुङका अनुसार स्वदेशी तथा विदेशी पर्यटकले अवलोकन गरेपछि सुझाव र सल्लाहका साथै आगन्तुक पुस्तिकामा आफ्नो अनुभव लेख्ने व्यवस्था गरिएको छ ।

चिडियाखानाको व्यवस्थापन र प्रचार प्रसारमा जोड दिनुपर्ने आगन्तुकको सामूहिक सुझाव छ । वन्यजन्तु अवलोकनसँगै यस क्षेत्रका विभिन्न धार्मिक एवं सांस्कृतिकस्थल संरक्षण र प्रवर्द्धन तथा थप पर्यटकीय गन्तव्यको विकासमा जोड दिइएको उहाँको भनाइ छ ।

खुला चिडियाखानासँगै यस क्षेत्रका ऐतिहासिक एवं धार्मिक महत्वका सीता गुफा, बज्रमुष्ठी मन्दिर, नागाबाबाको तपस्थलीलगायतका यहाँ धार्मिक क्षेत्रको प्रचार–प्रसार गरी धार्मिक पर्यटनको विकास गर्ने लक्ष्य रहेको गुरुङले भन्नुभयो । पोखरा–३१ सिमलटुडा र रुपा गाउँपालिका भङ्गारा जोड्ने रुपातालमाथि निर्मित झोलुङ्गे पुल पछिल्लो समय पर्यटकको रोजाइमा पर्ने गरेको छ ।

पोखराका तालमध्येको तेस्रो ठूलो ताल रुपाको समिपमा पर्ने यस उद्यान केन्द्र रहेको छ । जुन क्षेत्र हावापानी, चरनका लागि उपयुक्त भएको कारण नै परापूर्वकालदेखि साइबेरियाबाट चरा आउने र सन्तान उत्पादन गरेर सँगै लिएर फर्कने प्रक्रिया अहिले पनि निरन्तर चलेको छ । रुपातालमा २४ प्रजातिका माछाका साथै विभिन्न ३६ प्रजातिका चरा पाइने विभिन्न क्षेत्रका विज्ञले तयार पारेको तथ्याङ्कका उल्लेख रहेको समूहका कोषाध्यक्ष गुरुङले भन्नुभयो । युनाइटेड क्लबले प्रत्येक वर्ष गर्दै आएको पोखरा महोत्सवको आम्दानीको २० प्रतिशत रकम यही चिडियाखाना निर्माणका लागि छुट्याउँदै आएको १२औँ संस्करणको पोखरा महोत्सवका बारेमा जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष राजु श्रेष्ठले बताउनुभयो । क्लबले चिडियाखाना निर्माणका लागि हालसम्म रु ५८ लाख ८५ हजार हस्तान्तरण गरेको उहाँले बताउनुभयो । बेगनासताल र रुपातालको बीच भागस्थित पोखरा महानगरपालिकाको वडा नं ३०, ३१ र ३२ पचघैया ९०, चैनपुरको ३४ र चापापानी चिसाकुना सामुदायिक वनको १४ गरी कुल एक सय ३८ हेक्टर क्षेत्रफलमा फैलिएको उक्त उद्यान केन्द्र पोखराको मुख्य बजारबाट २५ किलोमिटरको दूरीमा रहेको छ ।

# बेनी–जोमसोम–कोरला सडक : छ सडक पुल निर्माण अन्तिम चरणमा

पोखरापत्र संवाददाता
म्याग्दी, ११ पुस

गण्डकी प्रदेशको भाग्यरेखा मानिएको राष्ट्रिय गौरवको उत्तर–दक्षिण जोड्ने कालीगण्डकी करिडोरअन्तर्गत बेनी–जोमसोम–कोरला सडकअन्तर्गत थप छवटा गाडी चल्ने सडक पुल निर्माण भएको छ ।

म्याग्दीको रघुगङ्गा गाउँपालिकामा एक, मुस्ताङको थासाङ गाउँपालिकामा एक र लोमान्थाङ गाउँपालिकामा चारवटामोटरेबलपुलसञ्चालनमा आएको बेनी–जोमसोम–कोरला सडक आयोजनाले जनाएको छ ।

आयोजनाका इन्जिनियर विष्णु चापागाईँले निर्माणको अन्तिम चरणमा रहेका ती पुल सवारीसाधन आवतजावतका लागि प्रयोग हुन थालेका जानकारी दिनुभयो । "पन्चानब्बे प्रतिशतभन्दा बढी भौतिक प्रगति भएका पुल फिनिसिङको चरणमा छन्", उहाँले भन्नुभयो, "पहुँचमार्ग र संरचना बनिसकेकाले सवारीसाधनले आवतजावतमा प्रयोग गरेका हुन् ।" बेनी–जोमसोम–कोरला आयोजनाले पाँचवटा पुल निर्माणका लागि विभिन्न निर्माण कम्पनीसँग रु ३१ करोड ६२ लाखमा ठेक्का सम्झौता भएको थियो । रघुगङ्गा गाउँपालिका–१ बेगखोलामा ७० मिटर लामो डबल स्पाम भएको मोटरेबल पुल बनाउन सडक विभागको पुल महाशाखाले बिओके आई/हिमालयन जेभीसँग भ्याटसहित रु आठ करोड ३० लाख ६८ लाख चार सय ७३ मा ठेक्का सम्झौता गरेको थियो । थासाङ गाउँपालिकाको छाक्ताङखोलामा डबल स्पाम भएको ८० मिटर लामो पुल निर्माण गर्न कालिका–गजुरमुखी जेभीले रु सात करोड ४२ लाखमा ठेक्का सम्झौता गरेको थियो । लोमान्थाङ गाउँपालिकाको लोमान्थाङ, किम्लिङ, नाम्डोक र भर्मा खोलाको पुल निर्माणका लागि मुक्तिनाथ–अमित जेभीले विसं २०७६ असार ३१ गते ठेक्का सम्झौता गरेको थियो ।

बीस मिटर लामो लोमान्थाङ पुलको लागत रु चार करोड ६८ लाख, ५० मिटर लम्बाइको किम्लिङ खोला पुलको लागत रु छ करोड ३० लाख, ५० मिटर लामो नाम्डोक खोला पुलको लागत रु छ करोड ३७ लाख र ८० मिटर लम्बाइको भर्मा खोला पुलको लागत रु छ करोड ८५ लाख हो । पुल निर्माण भएपछि बाह्रै महिना यातायात सञ्चालन गर्न सहज भएको लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसीनर्बु गुरुङले बताउनुभयो ।

योजनामार्फत १३ वटा पक्की पुल र तीनवटा बेलीब्रिज निर्माण सकिएका छन् । म्याग्दीको राहुघाटमा ४० मिटर, घट्टेखोलामा ४० मिटर, मुस्ताङको लेतेमा ४० मिटर, स्याङ खोलामा एक सय १५ मिटर, पाण्डाखोलामा ५० मिटर लामो पुल निर्माण भएको हो । पुल महाशाखाको पश्चिम सेक्टर कार्यालय पाल्पाले म्याग्दीको महभिरमा ८०, पोखरेबगर र बेगखोलामा ७०–७० मिटर लामो पुल निर्माण गरेको छ । छुसाङको मुस्ताङ गेटस्थित कालीगण्डकी नदीमा डोलिडारले ७७ दशमलव दुई मिटर र जोमसोमस्थित कालीगण्डकी नदीमा तत्कालीन मुस्ताङ जिविसले ४६ मिटर लामो पुल बनाएको थियो ।

म्याग्दीको अन्नपूर्ण गाउँपालिका–३ स्थित रुप्से, बेनी–बगरफाँट जोड्ने कालीगण्डकी र अन्नपूर्ण गाउँपालिकाको भुरुङ्गखोलामा बेलीब्रिज निर्माण भएको हो । थप एक मोटरेबल पुल निर्माणका लागि ठेक्का सम्झौता भएको छ । सातवटा मोटरेबल पुल निर्माणाधीन छन् । थप पाँच ठाउँमा पुल निर्माणको प्रस्ताव गरिएको छ । पर्वतको मालढुङ्गाबाट म्याग्दी हुँदै मुस्ताङस्थित चीनको सिमाना कोरलानाका जोड्ने दुई सय दुई किलोमिटर दूरीको सडक दुईलेनको कालोपत्र र ग्राभेल बनाउन विसं २०७३/७४ देखि सुरु भएको योजनाको हालसम्म ७५ प्रतिशत भौतिक प्रगति भएको छ । छवटा खण्डमा ८५ किलोमिटर ग्राभेल र तीनवटा खण्डको १९ किलोमिटर सडक कालोपत्र गर्ने काम सकिएको छ । सडकले पूर्वाधार, आर्थिक, व्यापारिक, जलविद्युत, पर्यटन र धार्मिकस्थलको विकासका लागि महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।

# सर्वेश्वर व्यवसायी समितिद्वारा २५ लाख बराबरको राहत वितरण

पोखरापत्र संवाददाता
पोखरा, ११ पुस

सर्वेश्वर व्यवसायी समिति, पोखरा ४ गैह्रापाटन द्वारा भुकम्प पिडितलाई २५ लाख रुपैया बराबरको राहत वितरण गरिएको छ ।

गत कार्तिक १७ गते गएको भूकम्प प्रभावित क्षेत्र जाजरकोट पुगेर तेहाँका भुकम्प पिडीतहरुलाई व्यवसायी द्वारा राहत वितरण गरिएको हो । जाजरकोट जिल्ला, वेलकोट गाउँ पालिका वडानं ४ का करीब १५० पिडित परिवारलाई राहत वितरण गरिएको समितिका उपमहासचिव माधवराज बरालले जानकारी दिए ।




समितिका अध्यक्ष बालकृष्ण भण्डारी को नेतृत्व मा गएको समितिको टोलीले जाजरकोटको वेलकोट गाउँ पालिका वडानं ४ का वडा अध्यक्ष विष्णु बहादुर राउत, पत्रकार हरिहर सिं राठौर , स्थानिय अगुवा आनन्द नेपालीको रोहवरमा एक कर्यक्रम गरी राहत वितरण गरिएको समितिका कार्यक्रम संयोजक सदस्य शिव प्रसाद भण्डारी ले बताए। समितिले भुकम्प पिडित का लागी न्यानो लत्ता कपडा, जुत्ता चप्पल, स्कुल स्वेयटर, झोला, बिभिन्न खाद्य सामाग्री, बिस्कुट चाउचाउ लगायतका राहत सामाग्री वितरण गरेका हुन्। सर्वेश्वर व्यवसायी समिति पोखरा ४ गैह्रापाटन द्वारा बिभिन्न समयमा सामाजिक उत्तरदायित्व वहन गर्दै सामाजिक कार्यमा समेत कृयाशिल हुदै आएको समितिका प्रथम उपाध्यक्ष तुल बहादुर थापाले जानकारी दिए।